# बर्दघाट नगरपालिका

**नवलपरासी, (बर्दघाट-सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**बर्दघाट नगरपालिकाद्वारा प्रकाशित**

| खण्ड ५ | संख्या १२ | मिति :२०७८/०५/१५ |
|---|---|---|


### भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बमोजिम नगरपालिकाको नगरकार्यपालिकाले बनाएको बर्दघाट नगरपालिकाको बर्दघाट नगरपालिकाको मर्मत संभार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## बर्दघाट नगरपालिकाको मर्मत संभार कोष सञ्चालन सम्बन्धी कार्यविधि-२०७८

**प्रस्तावना:**

स्थानिय स्तरमा सार्वजनिक सम्पत्तिमा भएको क्षतिबाट स्थानीय जनताले भोग्नु परेका समस्याहरु लाई तत्काल समाधान गरी स्थानीय स्तरमा जनप्रतिनिधीहरुको उपस्थितिको

अनुभुत गराई स्थानिय सम्पत्तिको उपयोगलाई प्रभावकारी र दिगो बनाउन मर्मत सम्भार कोषको परिचाल गर्नु पर्ने भएकोले सो कोषलाई व्यवस्थित एव्म पारदर्शी रुपमा सञ्चाल गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम (मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि बर्दघाट नगर कार्यपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागु हुनेछ ।

**२.पभिाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “सार्वजनिक सम्पत्ति” भन्नाले सार्वजनिक रुपमा उपयोग गरिने स्थानिय स्तरका सडक, पुल, पुलेसा, खानेपानीको पाईप लाईन, सार्वजनिक भवन, विद्यालय भवन, कार्यालय भवन, सहकारी भवन, मठ, मन्दिर, सार्वजनिक शैचालय आदि लाई जनाउने छ ।

(ख) “नगर प्रमुख” भन्नाले बर्दघाट नगरापालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) “उपप्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) “नगर सभा” भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(छ) “कार्यक्रम” भन्नाले स्थानीयस्तरका सरकारी कार्यालय भवन, सार्वजनिक सम्पत्तिको मर्मत सम्भार गर्ने कार्यक्रमलाई जनाउने छ ।

(ज) “कार्यालय” भन्नाले बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(झ) “कार्यविधि” भन्नाले स्थानीय सरकारको सार्वजनिक सम्पत्ति मर्मत सम्भार गर्न तयार गरिएको मर्मत सम्भार कोष सञ्चालन कार्यविधिलाई जनाउछ ।

**३. मर्मत संभार कोषको स्थापना :**

स्थानीय सार्वजनिक सम्पत्तिमा भएको क्षतिबाट स्थानीय जनतामा पर्न जाने असरलाई न्यूनिकरण गर्न र सार्वजनिक सम्पत्तिहरु लाई व्यवस्थित रुपमा सञ्चालन गर्न तथा सार्वजनिक सम्पत्तिको उपायोगिता बृद्धी गर्न सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिलाइ तत्काल मर्मत सम्भार गर्न सम्भार कोष स्थापन गरिने छ। यस कोषमा नगर सभाबाट विनियोजित भएको रकम जम्मा गरिने छ।

**४.मर्मत संभार कोषको उद्धेश्यः**

यस नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरुको व्यवस्थित रुपले मर्मत संभार गरि भविष्यमा हुने ठुलो क्षतिबाट जोगाउने एंवम् व्यवस्थित रुपमा सञ्चालन गरि सेवा प्रवाहलाई निरन्तरता दिने र स्थानीय जनसमुदायको अपनत्व बृद्धी गर्ने यस कोषको उद्येश्य रहेको छ।

**५.मर्मत सम्भार कार्यनीतिः**

यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्ययी, दिगो र समुदायको अपनत्व अभिवृद्धि गराउनका लागि देहायका कार्यनीतिहरु अवलम्वन गरिने छ।

क) मर्मत सम्भार कार्य गर्दा स्थानीय तहको श्रममुलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट गर्ने र हरित सडकको अवधारणा अवलम्वन गर्न प्रयास गर्ने।

ख) मर्मत सम्भार कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली नबनुन्जेल सम्म सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम विकेन्द्रित, श्रमप्रदान वा कामदार हरुलाई सोभ्कै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा फर्मलाई ठेक्का दिई मर्मत कार्य गराउन सकिने छ।

ग) स्थानीय जनसमुदायको ज्ञान, सिप, अनुभव र यो्ग्यतालाई विकास कार्यमा उपयोग गर्ने।

घ) प्रत्येक वर्ष तत्काल मर्मत सम्भारका कार्यहरु गर्दा सम्भाव्य बाढी, नदी कटान क्षेत्र लगायतका अन्य जोखीमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नुपर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई मर्मत संम्भार कार्यलाई सहज र सरल बनाउने।

ङ) सडक लगायतका पुर्वाधारहरुको निमार्ण कार्य सम्पन्न भएपश्चात लाभान्वित जनसमुदायलाई मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

च) नियमित मर्मत सम्भारको कार्य सदैव चालु रहने छ तर वर्षातको समयमा थप व्यवस्था गरिने छ ।

छ) आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ ।

ज) रोकथाम मुलक मर्मत सम्भारका हकमा भने सम्भावति जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्ष भित्र कुनै समयमा पनि रोकथाम मुलक मर्मत सम्भारको कार्य गरिने छ ।

झ) मर्मत सम्भार कार्यमा सरकारी कार्यालय भवन, रङ्ग रोगन मर्मत लगायतका कार्यलाई प्राथमिकता दिईनेछ ।

ञ) मर्मत सम्भार कोष परिचालन गर्दा सडक पिच गर्ने, पक्की नाला वनाउने, नयाँ निर्माण गर्ने कार्य गरिनेछैन ।

**६. प्राथमिकताक्रमः**

मर्मत सम्भारको प्राथमकिता उपलव्ध श्रोत र साधन समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिने छ ।

क) आकस्मिक मर्मत सुधार

- भू-क्षय तथा अवरुद्ध सडक खोल्ने कार्य
- भत्केको इम्व्यांकमेन्ट( झ्दबलपभलत) तथा कट स्लोप (क्यिउ) मर्मत कार्य
- डाईभर्सन मर्मत सम्भार
- पुल पुलेसाको आकस्मिक मर्मत सम्भार
- सरकारी कार्यालय भवन

ख) नियमित मर्मत सम्भार

- सडक सतह सफाई
- सडक किनारको मर्मत सम्भार
- सडकमा राखिएका अन्य संरचनाको सफाई गर्ने

- नगरपालिकाको मुख्य तथा वडा कार्यालय तथा विद्यालय भवनहरु र मठमन्दिरहरु
- स्वास्थ्य संस्थाहरु

ग) पटके मर्मत सम्भार

- नाली मर्मत कार्य
- कल्भर्ट, सतह नाली मर्मत कार्य
- सडक किनारा मर्मत कार्य
- सडकका खाल्डा खुल्डी र प्वालहरु टालटुल गर्ने
- रङ्गरोगन
- मठ मन्दिर मर्मत सम्भार

घ) आवधिक मर्मत सम्भार

- कालोपत्रे सडकको मर्मत सम्भार कार्य

ङ) रोकथाम मुलक मर्मत सम्भार

- सडकको स्लोप काटेर मिलाउने
- नदी नियन्त्रण संरचनाहरुको सम्भार कार्य
- जैविक प्रविधि तथा यसको मर्मत सम्भार

**७. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था:**

(क) आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन गर्दा नगरपालिकाको प्राविधिक कर्मचारी वा सो कार्यका लागि तोकिएको परामर्शदाता वा सम्वन्धित प्राविधिकबाट गर्नु, गराउनु पर्नेछ ।

(ख) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा स्वीकृत दररेटको आधारमा गर्नुपर्नेछ ।

(ग) लागत अनुमानको स्वीकृति सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

## ८. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई दीगो गरी सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति वा समुदायिक संस्थाले नगरपालिकाको स्वीकृतिमा आवश्यक सेवा शुल्क लिई छुट्टै कोष खडा गर्न सक्नेछ ।

(३) उपदफा (३) बमोजिमको कोषबाट वार्षिक आम्दानीको दश प्रतिशत वा पन्ध्र हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

## ९. मर्मत संहार कोषः

- ✓ नगरपालिका क्षेत्र भित्र निर्मित पूर्वाधारहरुको दीगोपनका लागि नियमित मर्मत संहार गरी निरन्तर सञ्चालनमा ल्याउन पूर्वाधार तर्फ बिनियोजित रकम मध्ये बाट पाच प्रतिशत रकम यस कोषमा राखी सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।
- ✓ कन्टिनजेन्सीŸ नगरपालिकाबाट संचालित योजना व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक प्राविधिक तथा अन्य उपकरण खरीद, रेखदेख, मर्मत सम्हार तथा अन्य लजिष्टिक सहायताका लागि पूँजीगत बजेटबाट योजना सञ्चालन गर्न निर्धारित बजेटको तीन प्रतिशत रकम कट्टी गरी सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

## १०. मर्मत संभार कोषको परिचालनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ को बुदा (क) को ९ बमोजिम “नगरपालिकाको चल, अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाव र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने” नगर प्रमुखको काम, कर्तव्य र अधिकारमा उल्लेख भए अनुसार र नगरपालिकाबाट वा अन्य निकायसंगको साझेदारीमा सम्पन्न भएका सार्वजनिक सम्पत्तिको मर्मत सम्भारका

लागि सम्वन्धित शाखा वा लक्षित उपभोक्ता, नागरिक संघ सस्थाको मागको आधारमा नगरसभाको निर्णय न २२ बमोजिम प्रत्यायोजित अधिकार अनुसार नगर प्रमुखले तत्कालै मर्मत सम्भार नगरी नहुने सार्वजनिक सम्पत्तिको पहिचान गरी रु. ५ लाख सम्मका मर्मत सम्भारका योजना छनोट गरी उक्त योजनासंग सम्बन्धित समुह, समिती, संघ सस्थाको सहभागितामा मर्मत सम्भार गराइने छ। नगरपालिकाले मर्मत सम्भारको भुक्तानी गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य हुनेछ। रु. ५ लाख भन्दा बढी रकम लाग्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ।

११. **कोषको आर्थिक व्यवस्था:** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएवमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानून वमोजिम हुनेछ।

१२. **बर्जित गरिएको बारे:** कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन वाहेक अन्य कार्यमा रकम खर्च गर्न बर्जित गरिएको छ।

१३. **कोषको आय-व्ययको लेखा तथा सो को सार्वजनिकरण:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राखिनेछ।

(२) कोषले कार्यपालिकाले तोकेवमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिकरुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको कार्यपालिकाको बैठकमा वा हरेक महिनाको १५ गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र कार्यालयले कोषको बार्षिक आय व्ययको विवरण समेत खुल्ने बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नु पर्नेछ।

१४. **लेखा परिक्षण:** (१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखा वा तोके वमोजिमको कार्यालय वा व्यक्तिबाट हुनेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नगर कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ।

(४) नगर कार्यपालिकाको कार्यालयले कम्तीमा बर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था मिलाउनेछ ।

**१५. अनुगमन तथा सुपरिवेक्षण :** (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ उपदफा (४) को “ख” (५) वमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ । समितिले योजना अनुगमन तथा जाँचपास समितिको काम समेत गर्नेछ ।

**१६. विविध :**

यस कार्यबिधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक यसै कार्यबिधि अनुसार भएको मानिनेछ ।

बर्दघाट नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण ( कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियम, २०७४ को नियम ४ वमोजिम प्रमाणित गर्दछु ।

................................

मितिः २०७८/०५/१५

मेघनाथ पाध्या

प्रमुख प्रशासकीय अधिकृत